कार्यपालिका बैठक
मिति २०८२/०७/०२
संख्या: ४-२०८२/०८३

आज मिति २०८२ साल कार्तिक २ गते आइतबारका दिन बिहान ८:०० बजे हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको चौथो बैठक गाउँपालिका अध्यक्ष श्री बज्रध्वज वाईवाज्यूको अध्यक्षतामा वसी तपसिलमा उल्लेखित प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री बज्रध्वज वाईवा | अध्यक्ष |
| श्री चेख वहादुर थिङ | उपाध्यक्ष |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| श्री तुलसी राम आचार्य (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

सहयोगी

| | |
|---|---|
| श्री किरण राई | अधिकृत छैठौं |

CamScanner

कार्यपालिका बैठक
मिति २०८२/०७/०२
संख्या: ४-२०८२/०८३

**प्रस्तावहरु:**

१. विनियोजन विधेयक संशोधन सम्बन्धमा।
२. O&M स्वीकृत गर्ने सम्बन्धमा।
३. मध्यकालिन खर्च संरचना (MTEF) स्वीकृत गर्ने सम्बन्धमा ।
४. ठेक्का सम्बन्धमा।
५. जग्गा प्राप्ति सम्बन्धमा।
६. उपभोक्ता समितिको पदाधिकारीको व्यक्तिगत खाता सम्वन्धमा।
७. बाल अधिकार संरक्षण समिति गठन सम्बन्धमा।
८. बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा।
९. रंगशाला क्षेत्रमा भएका व्यक्तिगत टहरा हटाउने सम्वन्धमा।
१०. दहत्तर बहत्तर सम्बन्धमा।
११. कर्मचारी पदपूर्ती सम्बन्धमा।
१२. भुक्तानी अनुमोदन सम्बन्धमा।
१३. ऐन कानुन सभामा पेश गर्ने सम्बन्धमा।
१४. खेलकुद विकास समिति गठन सम्बन्धमा।
१५. विविध

**निर्णयहरु:**

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको आ व २०८२/०८३ को लागि निर्माण भएको बजेट तथा कार्यक्रम संशोधन गर्नु पर्ने भएको हुँदा संशोधनको लागि विशेष गाउँसभामा पेश गर्ने निर्णय गरियो।

२. **प्रस्ताव नं २** माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन, २०८२ स्वीकृतिको लागि विशेष गाउँसभामा पेश गर्ने निर्णय गरियो।

३. **प्रस्ताव नं ३** माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको मध्यकालिन खर्च संरचना (MTEF), २०८२/०८५ पारितको लागि विशेष गाउँसभामा पेश गर्ने निर्णय गरियो।

४. **प्रस्ताव नं ४** माथि छलफल गर्दा, हरिहरपुरगढी गाउँपालिकाको लागि संघ तथा प्रदेशवाट विनियोजित तपसिल बमोजिका शसर्त तथा समपुरक अनुदानहरुमा गाउँपालिकाबाट स्रोत सुनिश्चित गरि ठेक्का प्रक्रिया गर्ने निर्णय गरियो।

| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | खर्च शिर्षक | बजेट विनियोजन | गाउँपालिका द्वारा थप स्रोत सुनिश्चितता | ठेक्का गर्नुपर्ने जम्मा रकम |
|---|---|---|---|---|---|---|

| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | खर्च शिर्षक | बजेट विनियोजन | गाउँपालिका द्वारा थप स्रोत सुनिश्चितता | ठेक्का गर्नुपर्ने जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | क्वाटर पुरानोगाउँ कालिलेख ढाँडखोला भालुमारा सडक वडा नं ७ र ८ | बागमति प्रदेश समपुरक | ३११५९ | २००००००0.00 | ६०००००.०० | २६००००००.०० |
| २ | भुताहा अधेरी बरुण सडक स्तरोन्नती | नेपाल सरकार समपुरक | ३११५१ | १३३०००००.०० | ४०००००.०० | १७३०००००.०० |
| ३ | बोटेनी गैहीखेत हुँदै मरिनखोला जाने सडक स्तरोन्नती | बागमति प्रदेश शसर्त | ३११५१ | ५००००००.०० | २००००००.०० | ७००००००.०० |
| ४ | बोटेनी देखी भलायो सडक स्तरोन्नती | बागमति प्रदेश शसर्त | ३११५१ | २५०००००.०० | १००००००.०० | ३५०००००.०० |
| ५ | थलथले सिंचाई पोखरी निर्माण, हरिहरपुरगढी २ | बागमति प्रदेश शसर्त | ३११५५ | २५०००००.०० | १००००००.०० | ३५०००००.०० |
| ६ | बिमिरेझोरा सिंचाई आयोजना, हरिहरपुरगढी ७ | बागमति प्रदेश शसर्त | ३११५५ | २५०००००.०० | १००००००.०० | ३५०००००.०० |
| ७ | झनझने श्रीपुर शहरी सडक कालोपत्रे, हरिहरपुरगढी २ | नेपाल सरकार शसर्त | ३११५१ | ५००००००.०० | २००००००.०० | ७००००००.०० |
| | जम्मा | | | ५०८०००००.०० | १७००००००.०० | ६७८०००००.०० |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको तपशिलको कार्य गर्नको लागि जग्गा आवश्यक भएकोले तपशिल बमोजिमको मापदण्ड पुगेका जग्गा धनीहरुले निशुल्क रुपमा जग्गा उपलब्ध आजैको मितिले १५(पन्ध्र) दिन मिति २०८२/०७/१७ गते भित्र तपशिलका स्थानको व्यक्तिहरुलाई निबेदन माग गर्ने भनि निर्णय पारित गरियो।

तपशिल:-

| क सं | स्थान | ठेगाना | जग्गा (कठ्ठामा) |
|---|---|---|---|
| १ | प्रहरी चौकी महेन्द्र झ्याडी | हरिहरपुरगढी ४ | ०-४-०-० |
| २ | नमूना स्वास्थ्य चौकी महेन्द्र झ्याडी (बाटो) | हरिहरपुरगढी ४ | ०-१-१०-० |
| ३ | कौवाडाँडा पर्यटकीय स्थल | हरिहरपुरगढी ६ | १-१०-०-० |
| ४ | स्वास्थ्य चौकी भवन निर्माण | हरिहरपुरगढी ६ | ०-१४-०-० |

- स्थानीय पूर्वाधार सडक,खानेपानी,संचार र बिद्युतको सहज पहुँच हुनसक्ने स्थान हुनुपर्ने ।
- सम्भव भएसम्म खेतीयोग्य जमिन नभई वैकल्पिक जग्गा भए राम्रो हुने ।

CamScanner

- प्राकृतीक विपदको जोखिम कम भएको हुनुपर्ने ।
- कुनै पनि प्रकारको बिबाद नभएको हुनुपर्ने ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका भित्र संचालन हुने सबै किसिमका आयोजना/योजनाहरुको सिटिजन्स बैंक इन्टरनेशनलमा खाता संचालन गर्दा उपभोक्ता समितिको व्यक्तिगत खाता खोल्न अनिवार्य गरिएकोमा उपभोक्ताहरुबाट व्यापक गुनासो आएको हुँदा उपभोक्ता समितिको पदाधिकारहरुको व्यक्तिगत खाता खोल्नुपर्ने कुनै कानूनी व्यवस्था नभएकोले सोही बमोजिम गर्न पत्रचार गर्ने भनि निर्णय पारित गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको बालबालिकाको अधिकार व्यवस्थित गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० को परिच्छेद-५ को दफा १३ बमोजिम हरिहरपुरगढी गाउँपालिकामा देहाय बमोजिमको बाल अधिकार संरक्षण समिती रहनेछ।

(क) वज्र ध्वज वाईवा - संयोजक
(ख) चेख बहादुर थिङ - सदस्य
(ग) तुलसी राम आचार्य - सदस्य
(घ) सोमी मायाँ राना मगर - सदस्य
(ङ) मोहन काजी विश्वकर्मा - सदस्य
(च) रामेश्वर पुडासैनी - सदस्य
(छ) प्रकाश भण्डारी - सदस्य
(ज) कान्छी मायाँ मोक्तान - सदस्य
(झ) लोक बहादुर गोले - सदस्य
(ञ) निर्मला मंग्राती - सदस्य सचिव

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको बालबालिकाको अधिकार व्यवस्थित गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० अनुसार यस हरिहरपुरगढी गाउँपालिकामा कार्यरत कर्मचारी श्री निर्मला मग्रातिलाई बाल कल्याण अधिकारी तोक्ने निर्णय गरियो।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका वडा नं २ चैनपुर स्थित रंगशाला परिसरको पर्खाल वरीपरी विना इजाजत टहरा निर्माण गरि पशु चौपाया पालिरहेको हुँदा उक्त स्थानमा निर्माण भएका सम्पुर्ण टहरा हटाउन एक हप्ताको सूचना प्रेषण गर्ने र सो समयमा नहटाइएका टहराहरु गाउँपालिकाद्धारा हटाउने निर्णय गरियो।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका भित्र संघ/प्रदेशको कार्यालयवाट संचालमा रहेका योजनाहरुको यस गाउँपालिका भित्रबाट प्रयोग भएका दहत्तर/बहत्तर(ढुङ्गा,गिट्टी,बालुवा र माटो ) वापतकाको कर जम्मा गर्नको लागि सम्बन्धित कार्यालय सँग छलफल गर्ने र उक्त वापतको रकम यस गाउँपालिकामा जम्मा गर्न लगाउने निर्णय गरियो।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा, यस गाउँपालिकामा संघीय कार्यक्रम बमोजिमको रिक्त रहेका तपसिल बमोजिमको पदमा करार सेवा मार्फत विज्ञापन गरी पदपुर्ती गर्ने निर्णय गरियो।

तपसिल

क) रोजगार संयोजक (अधिकृत छैठौं) - १ जना

ख) मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं) - १ जना

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा, देहायमा उल्लेख भए अनुसार भुक्तानी दिइसकेको रकम अनुमोदन गर्ने तथा भुक्तानीको लागि पेश भएको रकम भुक्तानी गर्ने निर्णय गरियो।

| सि.नं. | नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | सुनिता आयल सेन्टर, सिन्धुली | ८८३१०९।५६ | २०८२ असार ०९ गते देखि भाद्र महिना सम्मको इन्धनको भुक्तानी अनुमोदन |
| २. | हरिहरपुरगढी गाउँपालिका गाउँ प्रहरी | २०००० | मौलापुजा खर्च भुक्तानी गर्ने |
| ३ | महेन्द्रझ्याडी प्रहरी चौकी | १०००० | मौलापुजा खर्च भुक्तानी गर्ने |
| ४ | झनझने प्रहरी चौकी | १०००० | मौलापुजा खर्च भुक्तानी गर्ने |
| ५ | क्यानेश्वर प्रहरी चौकी | १०००० | मौलापुजा खर्च भुक्तानी गर्ने |
| ६ | हरिहरपुरगढी प्रहरी चौकी पिपलमाडी | १०००० | मौलापुजा खर्च भुक्तानी गर्ने |
| ७ | पञ्चधुरा मल्टी इन्भेष्टमेण्ट कम्पनी प्रा लि, हरिवन सर्लाही | २३१९३२/५० | ब्याक हो लोडर मर्मत |
| ८ | जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुली | १५०००० | OCMC (एकद्धार प्रणाली व्यवस्थापन) भुक्तानी गर्ने |
| ९ | जगदम्वा कन्ट्रक्सन सोलुसन प्रा लि, भरतपुर | १०११८६/७९ | रोलर मर्मत बापतको भुक्तानी गर्ने |

१३. प्रस्ताव नं १३ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको "स्थानीय मदिरा (अन्न तथा फलफुलको) उत्पादन, ब्राण्डिङ, बिक्री वितरण, नियन्त्रण, व्यवस्थापन तथा नियमन गर्न बनेको ऐन, २०८२" गाउँसभामा पेश गर्ने निर्णय गरियो।

१४. प्रस्ताव नं १४ माथि छलफल गर्दा, हरिहरपुरगढी गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्वन्धी कार्यविधि बमोजिम खेलकुद क्षेत्रमा स्थापित ख्याति प्राप्त हरिहरपुरगढी-२ बस्ने श्री लक्ष्मी बहादुर राई संयोजकत्वमा तपसिल बमोजिमको गाउँपालिका खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

क) लक्ष्मी बहादुर राई (हरिहरपुरगढी-२) - संयोजक

ख) देवेन्द्र बल (हरिहरपुरगढी १) - सदस्य

ग) सन्त बहादुर राई (हरिहरपुरगढी २) - सदस्य

घ) राज राई (हरिहरपुरगढी ३) - सदस्य

ङ) अमरदिप राई (हरिहरपुरगढी ४) - सदस्य

च) अनमेष कुमार राई (हरिहरपुरगढी ५) - सदस्य
छ) सुन्दर लामा (हरिहरपुरगढी ६) - सदस्य
ज) दिपक रखाल (हरिहरपुरगढी ७) - सदस्य
झ) दिल बहादुर माझी (हरिहरपुरगढी ८) - सदस्य
ञ) लिला बहादुर बम्जन ( हरिहरपुरगढी ४) - मनोनित सदस्य
ट) स्वस्तीका राई (हरिहरपुरगढी ३) - मनोनित सदस्य
ठ) दोज बहादुर वाइवा (हरिहरपुरगढी १) - मनोनित सदस्य
ड) रामेश्वर पुडासैनी (शिक्षा युवा तथा खेलकुद शाखा) - सदस्य सचिव

१५. प्रस्ताव नं १५ विविध (क) माथि छलफल गर्दा, यस गाउँपालिका अन्तर्गत कार्यरत हलुका सवारी सुमन थिङलाई कार्यालय प्रमुखको कार्यालयको कामले गाउँपालिका बाहिर जानु परेमा र गाउँपालिकाको अतिथिगृहमा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतको लागि विहान बेलुका खाना खाजा बनाउने सरसफाई गरे बापत मासिक रु. १५,०००।- (पन्ध्र हजार) एकमुष्ट भुक्तानी दिने निर्णय गरियो।

कार्यपालिका बैठक
मिति २०८२/०७/२१
संख्या: ५-२०८२/०८३

आज मिति २०८२ साल कार्तिक २१ गते शुक्रबारका दिन दिउसो ३:०० बजे हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको पाँचौ बैठक गाउँपालिका अध्यक्ष श्री वज्रध्वज वाईवाज्यूको अध्यक्षतामा वसी तपसिलमा उल्लेखित प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री वज्रध्वज वाईवा | अध्यक्ष |
| श्री चेख वहादुर थिङ | उपाध्यक्ष |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| श्री तुलसी राम आचार्य (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

सहयोगी

| | |
|---|---|
| श्री किरण राई | अधिकृत छैठौं |

कार्यपालिका बैठक
मिति २०८२/०७/२१
संख्या: ५-२०८२/०८३

**प्रस्तावहरु:**

१. मुद्धाको अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला सिन्धुली हरिहरपुरगढी गाउँपालिका वडा नं. १ बस्ने मनोराज घिसिङले हरिहरपुरगढी गाउँपालिकाको कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष समेतलाई विपक्षी बनाई उच्च अदालत पाटनमा दायर गर्नु भएको रिट (रिट नं. ०८२- WO- ०६०३) निबेदनको सम्बन्धमा मिति २०८२/०७/१७ गते को आदेश बमोजिम रिट खारेजीको माग सहित म्याद भित्र लिखित जवाफ दर्ता गर्न, तारेखमा रही मुद्दाको प्रतिरक्षा गर्न गराउन जे जो गर्नु पर्ने आवश्यक कार्य गर्न यस हरिहरपुरगढी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी तपाई श्री लोक बहादुर गोलेलाई यस गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट अख्तियारी प्रदान गर्ने निर्णय पारित गरियो ।

CamScanner